नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## उजुरी गुनासो सम्बोधनको लागि गरीएको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासोको सम्बोधनको लागि आकस्मिक (न्यापिड रेस्पोन्स मोडालिटीमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा, गुनासोमा उल्लेखित खाद्य व्यवसायको अनुगमन निरीक्षण गरी तपसिल उल्लेख भएअनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | उजुरीको विवरण | अनुगमन गर्दाको अवस्था | निर्देशन /कारबाही |
|---|---|---|---|---|
| १. | लिट्टल बुद्ध रेस्टुरेण्ट लंज बार प्रा.लि. का.म.न.पा.-२६, नर्सिङ्ग चोक,ठमेल (अनुगमन मितिः २०८३/०१/०७) | यस रेस्टुरेण्टमा चिकेन टिक्का मसला खाएपछि पेट दुखेको, पखाला (Diarrhea) चलेको (मिति २०८३/०१/०६ गते बिभागमा प्राप्त उजुरी) | • प्राप्त उजुरी सम्बन्धमा अनुगमन गर्दा डिप फ्रिजमा लेवल विवरण नलगाई अव्यवस्थित तरिकाले भण्डारण गरिरहेको करिब तिन (३) के.जी. कुखुराको मासु पाइएको<br>• किचनको सरसफाईमा ध्यान नदिएको र अव्यवस्थित तरिकाले खाद्य पदार्थ नछोपी खुला रुपमा जोखिमयुक्त तापक्रममा भण्डारण गरेको<br>• उपभोग्य मिति समाप्त करिब पाँचसय (५००) ग्राम माछा र पाँच (५) के.जी. फेला परेको। | • लामो समय देखि डिप फ्रिजमा भण्डारण गरेको सडेको करिव तिन (३) के.जी. कुखुराको मासु र उपभोग्य मिति समाप्त भएको करिब पाँचसय (५००) ग्राम माछा र पाँच (५) के.जी. आटा नष्ट गरेको<br>• डिप फ्रिजमा खाद्य पदार्थ भण्डारण गर्दा लेबल लगाएर व्यवस्थित तरिकाले भण्डारण गर्ने<br>• भान्साको नियमित सरसफाई गरी व्यवस्थित बनाई खाद्य स्वच्छता सुनिश्चित गरेको प्रमाण सात दिन भित्र विभागमा पेश गर्ने<br>• खाद्य पदार्थ छोपेर सहि तरिकाले भण्डारण गर्ने। |
| २. | मेगा मार्ट प्रा.लि., का.म.न.पा.-०४, बालुबाटार(बिग मार्ट) (अनुगमन मितिः २०८३/०१/०९) | • Fishtail dairy Pvt Ltd पोखरा द्वारा उत्पादित NOVA ब्राण्डको आईसक्रिम खाँदा स्वास्थ्यमा समस्या आएको (मिति २०८३/०१/९ मा प्राप्त उजुरी) | • बिक्रेता मेगा मार्ट प्रा.लि. को आइसक्रिम भण्डारण स्थल अनुगमन गर्दा आईसक्रिम डिप फ्रिजमा भण्डारण गरेको पाइयो<br>• डिप फ्रिजको तापक्रम -१८ डिग्री सेन्टिग्रेड रहेको र भण्डारण गरेको अवस्था सन्तोषजनक रहेको<br>• उजुरीमा उल्लेख Batch No-S21 भई मिति २०८२/०३/२७ मा प्याक गरीएको उत्पादन भएको आईसक्रिम स्टक मा नपाइएको। | • उजुरीमा उल्लेख गरेको Fishtail Dairy Pvt ltd, पोखरा औद्योगिक क्षेत्रबाट उत्पादित Batch No-S21 भई मिति २०८२/०३/२७ मा उत्पादन भएको आईसक्रिम स्टकमा नपाईएको हुँदा सोहि उद्योगबाट उत्पादित प्रयोगशाला परिक्षणका लागि सोही ब्राण्डको आईसक्रिमको नमुना संकलन गरिएको। |

Bharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०१/११

# अनुगमनका केही झलकहरू














